# भाग ३

## नेपाल सरकार

## श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको

## सूचना

**राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०८०**

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०८०" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिम नियुक्त गरिएको वा तोकिएको समितिको कार्यकारी निर्देशक सम्झनु पर्छ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "प्रशिक्षण" भन्नाले स्वदेश वा विदेशमा रोजगारीका लागि उपयोगी हुने विभिन्न विषय (ट्रेड) का निर्धारित पाठ्यक्रम अनुसारका छ



मुद्रण विभाग, सिंहदरबार

महिना अवधि वा सातसय तीस कार्यघण्टासम्मका आधारभूत तथा क्षमता अभिवृद्धि सम्बन्धी व्यावसायिक प्रशिक्षण सम्झनु पर्छ र सो शब्दले सीप विकास तथा उद्यमशीलता विकास तालिम, वैदेशिक रोजगारीमा जान छनौट भएका कामदारका लागि सञ्चालन गरिने पूर्व प्रस्थान अभिमुखीकरण, मुख्य प्रशिक्षक प्रशिक्षण, प्रशिक्षक प्रशिक्षण तथा कार्यस्थलमा आधारित व्यावसायिक तथा सीप विकास तालिम (एप्रेन्टिसिप) लाई समेत जनाउँछ।

(ङ) "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्छ।

(च) "रोजगारदाता" भन्नाले तालिम प्राप्त कामदारलाई काममा लगाउने उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्था सम्झनु पर्छ।

(छ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष र समितिको सदस्य-सचिवलाई समेत जनाउँछ।

(ज) "समिति" भन्नाले दफा ३ बमोजिमको राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति सम्झनु पर्छ।

३. **<u>समितिको गठन</u>** : (१) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारको माग तथा आवश्यकता अनुरूप दक्ष, प्रतिस्पर्धी, सीपयुक्त तथा उद्यमशील जनशक्ति उत्पादन गर्ने उद्देश्यले विभिन्न प्रशिक्षण कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न, गराउनको लागि

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति नामको एक समिति गठन गरिएको छ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) सचिव, मन्त्रालय - अध्यक्ष

(ख) सहसचिव, अर्थ मन्त्रालय - सदस्य

(ग) सहसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय - सदस्य

(घ) सहसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य

(ङ) सहसचिव, मन्त्रालय (सम्बन्धित महाशाखा हेर्ने) - सदस्य

(च) महानिर्देशक, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग - सदस्य

(छ) कार्यकारी निर्देशक, वैदेशिक रोजगार बोर्ड - सदस्य

(ज) श्रम, रोजगार तथा तालिम सम्बन्धी विज्ञहरू मध्येबाट अध्यक्षले मनोनयन गरेका कम्तीमा एकजना महिला सहित दुई जना - सदस्य

(झ) नेपाल उद्योग वाणिज्य महासङ्घको अध्यक्षले तोकेको रोजगारदाता प्रतिनिधि एक जना - सदस्य



मुद्रण विभाग, सिंहदरबार

(ञ) नेपाल उद्योग परिसङ्घको अध्यक्षले तोकेको रोजगारदाता प्रतिनिधि एक जना - सदस्य

(ट) संयुक्त ट्रेड युनियन समन्वय केन्द्रको प्रमुख वा निजले तोकेको सोही केन्द्रको प्रतिनिधि एक जना - सदस्य

(ठ) कार्यकारी निर्देशक - सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (ज) बमोजिम मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ र निजलाई पुनः मनोनयन गर्न सकिनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले पदीय जिम्मेवारी पूरा नगरेमा, समितिको हित विपरीतको काम गरेमा वा निजको कार्यसम्पादन सन्तोषजनक नभएमा अध्यक्षले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

४. **समितिको काम, कर्तव्य र अधिकार** : (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दक्ष, प्रतिस्पर्धी, सीपयुक्त तथा उद्यमशील जनशक्ति उत्पादन गर्नका लागि आवश्यक पर्ने प्रशिक्षण कार्यक्रमको सञ्चालन तथा



मुद्रण विभाग, सिंहदरबार

व्यवस्थापन सम्बन्धी दीर्घकालीन तथा अल्पकालीन नीति तर्जुमा गर्ने,

(ख) श्रम बजारको माग अनुरूप दक्ष जनशक्ति उत्पादन गर्नको लागि आवश्यक प्रशिक्षणको विषय (ट्रेड) पहिचान तथा छनोट गर्ने,

(ग) समितिको वार्षिक योजना, कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(घ) समितिले सञ्चालन गर्ने प्रशिक्षण कार्यक्रमको वार्षिक कार्ययोजना स्वीकृत गर्ने,

(ङ) समितिले सञ्चालन गर्ने प्रशिक्षण कार्यक्रमको लागि पाठ्यक्रम तथा मापदण्ड स्वीकृत गर्ने,

(च) समितिबाट सञ्चालन हुने प्रशिक्षणलाई अन्तर्राष्ट्रिय सङ्घ, संस्थाबाट मान्यता दिलाउन आवश्यक व्यवस्था मिलाउने,

(छ) प्रशिक्षण सम्बन्धी क्षेत्रगत तथा एकीकृत तथ्याङ्क तथा सूचना प्रणालीको विकास तथा कार्यान्वयन गर्न, गराउन सहजीकरण गर्ने,

(ज) श्रम प्रधान तालिम प्रदायक संस्थाले सञ्चालन गर्ने व्यावसायिक प्रशिक्षणमा एकरूपता तथा गुणस्तरीयता कायम गर्नका लागि तालिम प्रदायक संस्थाहरुको सूचीकरण, अनुगमन र समितिसँग आबद्धता समेतको लागि आवश्यक मापदण्ड निर्धारण गर्ने तथा सोको कार्यान्वयनको विषयमा मन्त्रालयमा प्रतिवेदन पेश गर्ने,



मुद्रण विभाग

(झ) स्वदेशी रोजगारदाता कम्पनी, वैदेशिक रोजगारीको गन्तव्य मुलुक र तालिम प्रदायक अन्य संस्थासँग समन्वय गरी प्रशिक्षण सम्बन्धी सहयोग परिचालन गर्ने,

(ञ) दलित, लोपोन्मुख, सीमान्तकृत तथा पिछडिएका समुदायले परम्परागत रूपमा गर्दै आएको सीप, प्रविधि, कला तथा पेशालाई आधुनिक उद्यम वा व्यवसायका रूपमा विकास गर्न आवश्यक प्रशिक्षण दिने,

(ट) समितिले सञ्चालन गरेको प्रशिक्षण कार्यक्रममा सहभागीको सीप परीक्षण, स्तरीकरण तथा प्रमाणीकरण गर्ने, गराउने,

(ठ) समितिले सञ्चालन गरेको प्रशिक्षण कार्यक्रमको प्रभावकारिता तथा प्रतिफलको अनुगमन, मूल्याङ्कन र समीक्षा गर्ने, गराउने,

(ड) समितिले सञ्चालन गर्ने प्रशिक्षण कार्यक्रमका सम्बन्धमा प्राविधिक तथा परामर्श सेवा शुल्क निर्धारण गर्ने,

(ढ) श्रम प्रधान तालिम प्रदायक संस्थाको पाठ्यक्रम र तालिम अवधि निर्धारण गर्ने तथा त्यस्ता संस्थाले दिएको तालिमको परीक्षण गर्ने,

(ण) नेपाल सरकारले तोकेका अन्य काम गर्ने।

(२) समितिले प्रशिक्षण सम्बन्धी राष्ट्रिय वा अन्तर्राष्ट्रिय बैठक, कार्यशाला तथा सेमिनार सञ्चालन गर्न सक्नेछ।

५. **समितिको बैठक सम्बन्धी कार्यविधि** : (१) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको सदस्य-सचिवले समितिको बैठकमा छलफल हुने कार्यसूची सहित बैठक बस्ने सूचना बैठक बस्नुभन्दा कम्तीमा बहत्तर घण्टा अगावै सदस्यलाई दिनु पर्नेछ।

(३) समितिको कूल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) समितिले आवश्यकता अनुसार प्रशिक्षण कार्यक्रमसँग सम्बन्धित निकायको कुनै पदाधिकारी वा प्रशिक्षणको क्षेत्रमा विशेष ज्ञान हासिल गरेको व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(७) समितिको बैठकमा उपस्थित सदस्यको नाम, छलफल भएका विषय तथा बैठकमा भएका निर्णयहरू एउटा छुट्टै निर्णय पुस्तिकामा लेखी सो निर्णयमा उपस्थित सदस्यको दस्तखत गराई राख्नु पर्नेछ।

(८) समितिको निर्णय अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गर्नेछ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

६. **<u>कार्यकारी निर्देशक</u>** : (१) समितिको प्रशासकीय प्रमुखको रूपमा काम गर्न एक जना कार्यकारी निर्देशक रहनेछ।

(२) कार्यकारी निर्देशक नियुक्तिको सिफारिस गर्न समितिले एक उपसमिति गठन गर्नेछ।

(३) उपदफा (२) बमोजिमको उपसमितिले मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, अर्थशास्त्र, इञ्जिनियरिङ वा कानून विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी सरकारी वा गैरसरकारी सङ्घ संस्था वा प्रचलित कानून बमोजिम स्थापना भएको कम्पनी वा सङ्गठित संस्थामा अधिकृतस्तरको पदमा रही श्रम, रोजगार, उद्योग, वाणिज्य, व्यापार, प्रशासन, राजस्व, इञ्जिनियरिङ, व्यवस्थापन वा व्यावसायिक तालिमको क्षेत्रमा कम्तीमा दशवर्षको अनुभव प्राप्त व्यक्तिमध्येबाट खुला प्रतिस्पर्धाको आधारमा उपलब्ध भएसम्म तीनजना व्यक्तिको नाम छनौट गरी समिति समक्ष सिफारिस गर्नेछ।

(४) उपदफा (३) बमोजिम सिफारिस भएका उम्मेदवारमध्येबाट समितिले सबैभन्दा उपयुक्त उम्मेदवारलाई कार्यकारी निर्देशकको पदमा नियुक्त गर्न मन्त्रालयको सचिव समक्ष सिफारिस गर्नेछ।

(५) उपदफा (४) बमोजिम सिफारिस भएको उम्मेदवारलाई मन्त्रालयको सचिवले कार्यकारी निर्देशक पदमा नियुक्ति गर्नेछ।

(६) उपदफा (५) बमोजिम नियुक्त कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा वा समितिको हित विपरीत कुनै काम कारबाही गरेमा

वा कार्यसम्पादन सम्झौता अनुसार कार्यसम्पादन नगरेमा समितिले छानबिन गर्दा वा गराउँदा निजले त्यस्तो गरेको देखिएमा मन्त्रालयको सचिवले निजलाई जुनसुकै बखत कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ।

तर त्यसरी कार्यकारी निर्देशकको पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेस गर्ने मनासिब मौकाबाट वञ्चित गरिने छैन।

(८) कार्यकारी निर्देशकले देहाय बमोजिमको पारिश्रमिक तथा सुविधा पाउनेछः-

(क) नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतको शुरु तलब बराबरको मासिक पारिश्रमिक र मासिक पारिश्रमिकको पचास प्रतिशत रकम थप मासिक भत्ता,

(ख) चाडपर्व खर्चको रुपमा आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाउने मुख्य चाडपर्वको अवसरमा भुक्तानी लिन सक्ने गरी एक आर्थिक वर्षमा एक पटक मासिक पारिश्रमिक बराबरको रकम,

(ग) एउटा सवारी साधन तथा एक जना हलुका सवारी चालक र सवारी चालक नलिएको अवस्थामा हलुका सवारी चालकको प्रथम तहको शुरु तलब बराबरको रकम,

(घ) मासिक इन्धन खर्चको रुपमा नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतले पाए सरहको इन्धन सुविधा,



मुद्रण विभाग

(ङ) सवारी साधन मर्मत सम्भारको लागि मासिक तीन हजार रुपैयाँ मर्मत खर्च,

(च) नेपाल सरकारका स्थायी निजामती कर्मचारीले पाए सरहको पोशाक खर्च,

(छ) मासिक रुपमा एक हजार रुपैयाँ बराबर रकम सञ्चार सुविधा,

(ज) स्वदेश तथा विदेश भ्रमणमा जाँदा नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतले पाए सरहको भ्रमण भत्ता तथा अन्य सुविधा।

(९) कार्यकारी निर्देशकले प्रयोग गरेको सवारी साधनको मर्मत खर्च उपदफा (८) को खण्ड (ङ) बमोजिमको खर्चबाट व्यहोर्नु पर्नेछ।

(१०) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकको पद रिक्त भएमा वा कार्यकारी निर्देशक निलम्बन भई पदको जिम्मेवारी बहन गर्न नसक्ने अवस्थामा कार्यकारी निर्देशकको पदपूर्ति नभएसम्म वा कार्यकारी निर्देशकले पदको जिम्मेवारी बहन गर्न नपाउने अवस्था रहेसम्मको लागि मन्त्रालयले नेपाल सरकारको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको कुनै अधिकृत कर्मचारीलाई कार्यकारी निर्देशकको रुपमा कामकाज गर्न तोक्न सक्नेछ।

७. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार** : यस आदेशमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिबाट भएको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ख) समितिको दीर्घकालीन र अल्पकालीन नीति, वार्षिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी समिति समक्ष पेश गर्ने,

(ग) प्रशिक्षणको पाठ्यक्रम तथा मापदण्ड तर्जुमा गरी समिति समक्ष पेश गर्ने,

(घ) समितिको स्वीकृत कार्यक्रम, मापदण्ड तथा पाठ्यक्रम अनुसार प्रशिक्षण कार्यक्रमको सञ्चालन, व्यवस्थापन, अनुगमन, मूल्याङ्कन गर्ने,

(ङ) प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दा आवश्यकता अनुसार औद्योगिक प्रतिष्ठान, सङ्घ, संस्था तथा निजी क्षेत्रका तालिम प्रदायक निकाय वा संस्थासँग समन्वय र सहकार्य गर्ने,

(च) प्रशिक्षणको आवश्यकता पहिचान तथा सोको प्रभावकारिता लगायत प्रशिक्षण सम्बन्धी अन्य अध्ययन तथा विकासका काम गर्ने, गराउने,

(छ) प्रशिक्षण कार्यक्रममा सहभागीको सीप परीक्षण, स्तरीकरण तथा प्रमाणीकरण गर्न, गराउन आवश्यक व्यवस्था गर्ने,

(ज) समितिको निर्देशन बमोजिम प्रशिक्षण सम्बन्धी परामर्श तथा प्राविधिक सेवा प्रदान गर्ने, गराउने, सोको लागि वस्तुगत रूपमा आवश्यक सेवा शुल्क निर्धारण गरी स्वीकृतिका लागि सिफारिस गर्ने,



मुद्रण विभाग

(झ) समितिबाट सञ्चालित प्रशिक्षण कार्यक्रमको सञ्चालन, व्यवस्थापन, अनुगमन, मूल्याङ्कन (प्रभाव र प्रतिफलसमेत) गरी समिक्षा र निरन्तर सुधार गर्ने, गराउने,

(ञ) समितिबाट सञ्चालन हुने प्रशिक्षणलाई अन्तर्राष्ट्रिय सङ्घ, संस्थाबाट मान्यता दिलाउन आवश्यक समन्वय गर्ने,

(ट) समितिबाट सञ्चालित प्रशिक्षण प्राप्त गर्ने प्रशिक्षार्थीलाई सम्भावित रोजगारदातासँग सम्पर्क गराउन आवश्यक समन्वय गर्ने, गराउने,

(ठ) प्रशिक्षण सम्बन्धी विषयको खण्डिकृत र एकिकृत तथ्याङ्क व्यवस्थापन गर्न तालिम प्रदायक निकायहरूको समन्वय र सहकार्यमा सूचना पद्धतिको विकास, सञ्चालन र प्रतिवेदन गर्ने व्यवस्था मिलाउने,

(ड) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने।

८. **मानव स्रोत व्यवस्थापन** : (१) समितिको कार्य सञ्चालनको लागि आवश्यक सङ्ख्यामा कर्मचारी रहनेछन्।

(२) उपदफा (१) बमोजिम समितिमा रहने कर्मचारीको पद, सङ्ख्या तथा समितिको सङ्गठन संरचना मन्त्रालय र अर्थ मन्त्रालयको सहमति लिई समितिले स्वीकृत गरे बमोजिम हुनेछ।

(३) समितिमा आवश्यक पर्ने कर्मचारी मन्त्रालयले सङ्घीय निजामती सेवाका कर्मचारी मध्येबाट उपलब्ध गराउनेछ।

(४) समितिको कार्य सञ्चालनको लागि आवश्यक पर्ने श्रेणीविहीन कर्मचारी उपदफा (२) बमोजिम कायम भएको सङ्ख्यामा नबढ्ने गरी समितिले सेवा करारमा लिन सक्नेछ।

(५) समितिको काम कारबाहीमा कुनै विषयविज्ञको सेवा आवश्यक परेमा समितिले निश्चित अवधि तोकी बढीमा एक वर्षको लागि करारमा त्यस्तो विषयविज्ञ नियुक्त गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम नियुक्त हुने विषयविज्ञको पारिश्रमिक र सुविधा अर्थ मन्त्रालयको सहमतिमा समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(७) यो आदेश प्रारम्भ हुँदाका बखत कायम रहेका व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठानको ललितपुरको भैंसेपाटी, सुनसरीको इटहरी र रूपन्देहीको बुटवलस्थित कार्यालयको दरबन्दी अर्को व्यवस्था नभएसम्म यसै आदेश बमोजिम कायम रहेको मानिनेछ।

९. **<u>कोष</u>** : (१) समितिको एउटा छुट्टै कोष हुनेछ र त्यस्तो कोषमा देहायको रकम रहनेछः-

(क) नेपाल सरकारबाट प्राप्त हुने अनुदान रकम,

(ख) स्वदेशी व्यक्ति, निकाय वा संस्थाबाट सहायता स्वरूप प्राप्त हुने रकम,

(ग) विदेशी व्यक्ति, सरकार वा अन्तर्राष्ट्रिय सङ्घ, संस्थाबाट प्राप्त हुने रकम,

(घ) समितिले उपलव्ध गराएको कुनै सेवा बापत प्राप्त हुने रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त हुने रकम ।



मुद्रण विभाग, सिंहदरबार

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि समितिले अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कोषमा प्राप्त हुने रकम बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिमको "क" वर्गको इजाजत प्राप्त कुनै वाणिज्य बैङ्कमा समितिको नाममा खाता खोली जम्मा गरिनेछ।

(४) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(५) समितिको कोषको खाता सञ्चालन कार्यकारी निर्देशक र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

१०. **लेखा र लेखापरीक्षण** : (१) समितिको आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राख्नु पर्नेछ।

(२) समितिले नेपाल सरकारले अपनाए बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(३) समितिको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ।

(४) नेपाल सरकारले समितिको आय-व्ययको लेखा, तत्सम्बन्धी कागजात, नगदी र जिन्सीको विवरण जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

११. **बैठक भत्ता** : समितिका सदस्यले समितिको बैठकमा भाग लिए बापत अर्थ मन्त्रालयबाट स्वीकृत मापदण्ड बमोजिमको बैठक भत्ता पाउनेछन्।

१२. **अधिकार प्रत्यायोजन** : (१) समितिले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य वा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) कार्यकारी निर्देशकले आफूमा भएको अधिकारमध्ये केही अधिकार समितिका अधिकृतस्तरका कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) समितिले कुनै अध्ययन, अनुसन्धान वा आफूलाई तोकिएका अन्य कुनै काम गर्न, गराउन परेमा विज्ञ सहितको उपसमिति गठन गरी आफूमा निहित केही अधिकार त्यस्तो उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

१३. **समितिको कार्यालय र नाम** : (१) समितिको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

(२) यो आदेश प्रारम्भ हुँदाका बखत कायम रहेको व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठानको ललितपुरको भैंसेपाटीस्थित कार्यालय यो आदेश प्रारम्भ भएपछि स्वतः समितिको कार्यालयमा परिणत भएको मानिनेछ।

(३) समितिले आवश्यकता अनुसार समितिको मातहतमा रहने गरी नेपालभित्रको अन्य उपयुक्त स्थानमा व्यावसायिक प्रशिक्षण केन्द्र स्थापना गरी सञ्चालन गर्न सक्नेछ।

(४) यो आदेश प्रारम्भ हुँदाका बखत कायम रहेको व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठानको सुनसरीको इटहरी र रूपन्देहीको बुटवलस्थित कार्यालय उपदफा (३) बमोजिमको व्यावसायिक प्रशिक्षण केन्द्रमा परिणत भएको मानिनेछ।

(५) समितिको कार्यालय "राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान" को नामले प्रचलित हुनेछ।

**१४.** **<u>प्रतिवेदन पेश गर्नुपर्ने</u>** : (१) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र आफूले गरेको कामको प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहाय बमोजिमको विवरण उल्लेख गर्नु पर्नेछः-

(क) आर्थिक वर्षभित्र सम्पादन भएका कामको संक्षिप्त विवरण,

(ख) नीति, योजना र कार्यक्रम कार्यान्वयनको स्थिति र उपलब्धि,

(ग) आम्दानी र खर्च,

(घ) लेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित संक्षिप्त व्यहोरा,

(ङ) काम कारबाही गर्दा देखिएका मुख्य समस्या र त्यस्ता समस्या समाधानका लागि गरिएका प्रयास,

(च) आगामी योजना तथा कार्यक्रम,

(छ) तोकिए बमोजिमको अन्य विवरण।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन मन्त्रालयको निर्देशन बमोजिम समितिले सार्वजनिक गर्नु पर्नेछ।

**१५.** **<u>निर्देशन दिन सक्ने</u>** : नेपाल सरकारले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

**१६.** **<u>नेपाल सरकारसँग सम्पर्क</u>** : समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।



मुद्रण विभाग

१७. **नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्ने** : (१) यस आदेशको कार्यान्वयन गर्न समितिले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम नेपाल सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ।

(२) समितिले यो आदेश र यो आदेश अन्तर्गत बनेको नियमको विपरीत नहुने गरी आवश्यकता अनुसार निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ र त्यस्तो निर्देशिका वा कार्यविधि मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ।

(३) उपदफा (१) र (२) बमोजिम नियम, निर्देशिका वा कार्यविधि बनाउँदा नेपाल सरकारलाई आर्थिक दायित्व पर्ने विषयमा अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

१८. **सम्पत्ति र दायित्व सर्ने** : यो आदेश प्रारम्भ हुँदाका बखत कायम रहेका व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठानको ललितपुरको भैंसेपाटी, सुनसरीको इटहरी र रूपन्देहीको बुटवलस्थित कार्यालयको चल अचल सम्पत्ति र दायित्व समितिमा सर्नेछ।

**आज्ञाले,**
**केवल प्रसाद भण्डारी**
**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. २५।–
गो.द.नं. १६।२०६२।६३

मुद्रण विभाग